# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या :
चलानी नं.:

सिंहदरबार, काठमाडौ
नेपाल ।


## उच्च सतर्कताका लागि अनुरोध

नेपाल मौसम विज्ञान विभागबाट आज जारी पोष्ट मनसुन सम्बन्धी विशेष बुलेटिनअनुसार बंगालको खाडीमा रहेको 'अर्नब' चक्रवात थप शक्तिशाली बन्दै गएको र यो अति शक्तिशाली हुने सम्भावना छ। उक्त चक्रवात आगामी कार्तिक ११ मा भारतको जमिनी भू-भागमा प्रवेश गर्ने सम्भावना रहेको र हालसम्मको मौसम विश्लेषणअनुसार उक्त प्रणालीको प्रभाव कार्तिक १२ गते बिहीबार रातिबाट सुरु हुने देखिन्छ। विशेषगरी आगामी कार्तिक १३ गते शुक्रबार र कार्तिक १४ गते शनिबार कोशी, बागमती, मधेश, गण्डकी र लुम्बिनी प्रदेश बढी प्रभावित हुने एवं यी प्रदेशका धेरै स्थानमा चट्याङ, हावाहुरीसहित मध्यमसम्मको र थोरै स्थानमा भारी वर्षाको सम्भावना छ। कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा चट्याङ र हावाहुरीसहित मध्यम वर्षा तथा एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना छ। यी प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रहरुमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको उच्च जोखिम पनि रहेको छ।




तसर्थ, संभावित जोखिम न्यूनीकरणका लागि कार्तिक १२, १३ र १४ गते उच्च सतर्कता अपनाउनु हुन र पूर्वतयारीका लागि निम्न कार्य गर्नु, गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ।

- धानबाली काट्ने, भित्र्याउने लगायतका कृषि कार्य कार्तिक १२ गते, बिहीबार अगाडि नै गर्ने, गराउने।
- पर्यटकहरू उच्च पहाडी र हिमाली क्षेत्रमा नजाने, गइसकेको भए उक्त अवधिभर सुरक्षित ठाउँमा रहने।
- आवश्यक परेमा सवारी आवागमन बन्द गर्ने, गराउने। सवारी आवागमन बन्द गर्नुपूर्व सो को अग्रिम जानकारी सर्वसाधारणसम्म पुऱ्याउने व्यवस्था मिलाउने।
- सडक तथा हवाई यातायात लगायत दैनिक जनजीवन प्रभावित हुनसक्ने भएकोले आवश्यक सतर्कता अपनाउने। सो अवधिभर अत्यावश्यक नपरी यात्रा नगर्ने, नगराउने।
- सम्बन्धित संघीय मन्त्रालय तथा निकाय, प्रदेश सरकार, स्थानीय तह, तीनवटै सुरक्षा निकाय, स्वयंसेवकलगायत सरोकारवाला सबै निकायले आम सर्वसाधारणलाई जोखिमबारे सुसूचित गर्ने। प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।
- जिल्ला सुरक्षा समिति, स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवकलगायतले पूर्वसूचना/चेतावनी अनुसार जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति, घरपरिवारलाई विपद् प्रतिकार्य गर्नुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने।
- यस प्राधिकरण, नेपाल मौसम विज्ञान विभाग लगायतका सम्बन्धित आधिकारिक निकायबाट जारी हुने अद्यावधिक पूर्वानुमान/पूर्वसूचना/चेतावनी पालना गर्ने, गराउने।
- मौसमसम्बन्धी जानकारीका लागि ११५५, विपद्मा मद्दत माग्न १२३४ वा १०० वा १११४ मा सम्पर्क गर्ने।

*मिति- २०८३ कार्तिक ९ गते, सोमबार*

(राम बहादुर के.सी.)
उपसचिव/प्रवक्ता